# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, पुस ६ गते २०५५ साल (अतिरिक्ताङ्क ६० (क)


## भाग ३

### निर्वाचन आयोगको

### सूचना १

निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले सोही ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा जांचबुझ तथा अनुसन्धान गर्न २०५५ साल माघ ३ गते हुने जिल्ला विकास समितिका पदाधिकारीहरूको निर्वाचनमा सम्बन्धित जिल्लामा सो जिल्लाका जिल्ला प्रहरी कार्यालयका प्रमुखलाई जाँचबुझ र अनुसन्धान गर्ने अधिकारी तोकेको हुँदा यो सूचना प्रकाशन गरेको छ ।

### सूचना २

निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २५ को उपदफा (२) को प्रयोजनको लागि निर्वाचन आयोगले २०५५ साल माघ ३ गते हुने जिल्ला विकास समितिका पदाधिकारीहरूको निर्वाचनमा सम्बन्धित जिल्लामा सो जिल्लाका जिल्ला सरकारी अधिवक्तालाई अधिकृत तोकेकोले यो सूचना प्रकाशन गरेको छ ।

आज्ञाले,
पुरुषोत्तम ढकाल
निर्वाचन आयोगको का. मु. सचिव


मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।


८०५

मुद्रण विभाग, सिंहदरबार

४६०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।